नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Pretoria,
The Republic of South Africa

## निवृत्तभरण खाता नवीकरण सिफारिस सम्बन्धी
## जानकारीमूलक सूचना

निवृत्तभरक विदेशमा रहेको कारण "निवृत्तभरण भुक्तानी व्यवस्थापन कार्यविधि, २०८२" को दफा ३ अनुसार खोलिएको निवृत्तभरण भुक्तानी खाताको दफा ४ बमोजिम सक्रिय हुने अवधि समाप्ति पश्चात् पूनः सुचारू गराउन निवेदन दिन निवृत्तभरक स्वयं सम्बन्धित बैंकमा उपस्थित नसक्ने अवस्थामा कार्यविधिको दफा ५(१) मा उल्लिखित अनुसूची -३ बमोजिमको ढाँचामा विदेशस्थित कुनै नेपाली नियोगमा निवृत्तभरण भुक्तानी खाता नवीकरणको सिफारिसको लागि निवेदन दिएमा नियोगले दफा ५ (२) बमोजिम निवृत्तीभरक स्वयम् उपस्थित भई उक्त निवेदन दिएको बेहोरा प्रमाणित गरी निवृत्तभरण व्यवस्थापन कार्यालयमा पठाइदिनुपर्ने लगायतको प्रावधान कार्यान्वयन गर्न गराउन मिति २०८२/१२/०१ को परराष्ट्र मन्त्रालय सचिवस्तरीय निर्णय अनुसार अनुरोध भैआएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>स्वयं उपस्थित भई निवेदकले पेस गर्नु पर्ने आवश्यक कागजातहरू:</u>

१. "निवृत्तभरण भुक्तानी व्यवस्थापन कार्यविधि, २०८२" को अनुसूची — ३ बमोजिमको निवेदन - १
२. निवृत्तभरण अधिकार पत्रको प्रमाणित छायाँप्रति — १
३. बैंक खाता नम्बर खुल्ने कागजात (चेकबुक वा बैंकस्टेटमेन्ट वा अन्य यस्तै कागजात)को छायाँप्रति — १
४. नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्रको छायाँप्रति -१
५. नेपाली राहदानी सक्कल र छायाँप्रति — १/१
६. हाल बसोबास/पेशा/व्यवसाय/रोजगारी आदि रहेको देशको ठेगाना सम्बन्धी स्वघोषणा — १
७. राजदूतावासले तोके अनुसारको राजस्व बुझाएको प्रमाण -१

(नोटः- *यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा राजदूतावासमा* eonpretoria@mofa.gov.np / eonpretoria@gmail.com *ईमेल तथा टेलिफोन नं. +27 (0)12 342 7546 वा WhatsApp Nos. +27794225727 (काउन्सेलर श्री रमेशकुमार चर्मकार) र +27764998665 (सहचारी श्री दिपक खत्री) मार्फत सम्पर्क गर्न सकिने बेहोरा समेत अनुरोध छ।*)

२०८२।१२।०२

अनुसूची -३

(दफा ५ को उपदफा (१) सँग सम्वन्धित)

निवृत्तभरकले विदेश स्थित नियोग मार्फत बैङ्क खाता सुचारु गर्न दिने निवेदनको ढाँचा

मितिः ...............................

श्रीमान् प्रमुखज्यू

... ... ... ... ... ... ..नेपाली नियोग,

... ... ... ... ... ... ... ... ... ...

विषयः- निवृत्तभरण भुक्तानी खाता सुचारु गर्न सिफारिस गरी दिने बारे ।

महोदय,

निवृत्तभरण अधिकार पत्र नं..................को म............................................................ प्रचलित ..................ऐन/नियमावलीमा भएको व्यवस्था अनुसार निवृत्तभरण पाउन योग्य रही नेपाल स्थित बैङ्कमा आफै उपस्थित हुन असमर्थ भएको हुँदा मेरो................ बैङ्कमा रहेको निवृत्तभरण भुक्तानी खाता नं. ............................. थप एक वर्ष/ छ महिना अवधिको लागि सुचारु गरी दिन निवृत्तभरण व्ययवस्थापन कार्याल, काठमाडौंलाई सिफारिस गरी हुन अनुरोध गर्दछु।

| प्रमाणितगर्ने | निवेदकको |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामथरः | नामथरः |
| पदः | नेपालको स्थायी ठेगानाः |
| मितिः | हालको ठेगानाः |
| कर्मचारी संकेत नंः | ईमेल : |
| ईमेल र फोन नंः | ल्याप्चे |
| नेपाली नियोगको नाम र ठेगानाः | दाँया / बाँया |
| नियोगको छापः | |

नोटः- १. निवेदकको सहिछाप नियोगको कर्मचारीको प्रत्यक्ष निगरानीमा भएको हुनु पर्नेछ।

२. उपरोक्तानुसारको विवरण इमेल वा अन्य माध्यमबाट निवृत्तभरण कार्यालयले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ